१३) म्याद भित्र करारनामा गर्न नआउने/कार्य संचालन शुरु नगर्ने वोलपत्रदाताको धरौटी जफत गरी दोश्रो/तेश्रो वोलपत्रदाताको वोलपत्र स्विकृत गर्न सक्नेछ।

१४) वन पैदावारको कटान मुछान, घाटगद्धी गर्ने सम्बन्धमा वन पैदावार (काठ/दाउरा) संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुनेछ। म्याद नाघी आएको वा रित नपुगेको वोलपत्र उपर कूनै कारवाही हुने छैन।

१५) प्लटको वन प्रबेश प्राप्त गरे पछि छपान लगत बमोजिमका रुखहरु मात्र समूहको प्रतिनिधिको रोहबरमा अन्य रुख बिरुवामा असर नपर्ने गरि कटान मुछान कार्य गर्नु पर्नेछ। कटान मुछान गरि उत्पादन भएको काठ दाउराको सुरक्षा समेत बोलपत्र दाताले नै गर्नु पर्नेछ साथै काठ दाउराको हिनामिना भएमा नियमानुसार कारबाही हुनेछ।

१६) वोलपत्रदाताले करारनामामा तोकिएको म्याद भित्र तोकिएको कार्य सम्पन्न नगरेमा निजको वोलपत्र साथ राखेको धरौटी जफत हुनेछ।

१७) यस सूचनामा उल्लेख भए जतिमा सूचना अनुसार र अन्य बिषयको हकमा प्रचलित बमोजिम हुनेछ।

१८) रुख कटानमुछान कार्य डिभिजन वन कार्यालयमा सूचिकृत भएको पावर चेन सः (Power Chain Saw) प्रयोग गरि गर्नु पर्नेछ।

१९) सकार भएको वोलपत्रदाताको अन्तिम भुक्तानी काठ दाउरा कटान मुछान भई घाटगद्धिमा ढुवानी भई सकेपछि घाटगद्धि रजिष्टरामा उल्लेखित परिमाणको आधारमा गरिनेछ।

२०) सूचना बमोजिम वोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत अमान्य हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ७-२०८२/०८३ | ढलापडा प्लट २ | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | १६४ | ७२९९.११ | ११.५३ | १३८४४९७ |
| ८ | ८-२०८२/०८३ | ढलापडा प्लट ३ | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | १२० | ५०६०.४१ | ९.१३ | ९७९०५३ |

२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/११/२५ (ख) समय :- कार्यालय समय भित्र।

३ ) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/११ /२६ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म।

४ ) बोलपत्र फारम को लागि रु ३०००।- पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिबिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ।

५ ) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको नेपाल बैकको शाखा कार्यालय चन्द्रौटा चल्ती खाता नं. **२२८००१०६६४७६८७००००००१** मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ।

६ ) यसमा उल्लेखित काठ दाउराको परिमाण अनुमानित परिमाण भएकोले रुख कटान / संकलन भई उत्पादन भएका काठ दाउराको वास्तविक परिमाण ढुवानी तथा घाटगद्धी गर्नु पर्ने र सोही आधारमा बोलपत्रदातालाई रकम उपलब्ध गाराईने छ। यसरी कार्यलयले उपलब्ध गराउनु पर्ने रकम कार्यालयको खातामा तत्काल उपलब्ध भए सम्म तत्कालै र तत्काल उपलब्ध नभएमा सो काठ दाउरा लिलाम बिक्री भई संकलन रकम दाखिला भए पश्चात वा कार्यलयमा तालुक निकायबाट उपलब्ध भए पश्चात उपलब्ध गराईने छ।

७ ) लिलाममा भाग लिन ईच्छुक उद्योगका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी , कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, डिबिजन वन कार्यालयमा सुचिकृत अधावधिक भएको पत्रको प्रतिलिपी सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ।

८ ) म्याद भित्र पर्न आएका शिलवन्दी बोलपत्रहरु मिति २०८१/११/२७ गते दिनको १२.०० वजे कार्यालय प्रतिनिधी र वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा कपिलवस्तु साझेदारी वनको कार्यालय, शिवराज न.पा. वडा नं. ०३ कपिलवस्तुमा खोलिने छ। वोलपत्रदाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा पनि वोलपत्र खोल्न कूनै बाधा पर्ने छैन।

९ ) वोलपत्रदाताले वोलपत्र पेश गर्दा आफुले कबोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ। टेण्डर फारममा टिपेक्शको प्रयोग गर्न पाइने छैन। टिपेक्श प्रयोग भएका टेण्डरहरु रद्ध गरिने छ। म्याद नाघी वा रीत नपुगी पेश हुन आएको वोलपत्र मान्य हुने छैन।

१० ) वोलपत्र खरिद गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा वोलपत्र दाखिला गर्ने दिन वोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा वोलपत्र खरिद गरि वोलपत्र दाखिला गर्ने पर्नेछ। वोलपत्र दाखिला गर्ने/खोल्ने मितिमा सार्बजनिक बिदा परेमा सो कार्य कार्यालय खुल्ने मितिमा हुनेछ।

११) बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समुहमा निहित रहने छ। कारणवश वोलपत्र स्विकृत नभएमा वोलपत्रदाताले अन्यथा दावी गर्न पाउने छैन।

१२) वोलपत्र स्विकृत भएको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ। वोलपत्र स्विकृत भएको मितिले ७ (सात) दिन भित्र यस समितिसँग करारनामा गरी वन प्रवेश ईजाजत लिनु पर्नेछ। वोलपत्रदाता स्वयमले कार्यालयमा सम्पर्क राखी वोलपत्र स्विकृतिको जानकारी लिनु पर्नेछ।

## श्री कपिलवस्तु साझेदारी वन उपभोक्ता समुह

### शिवराज न.पा-३, कपिलवस्तु

### काठ/दाउरा कटान मुछान तथा संकलन घटाघट ठेक्का सम्बन्धी बोलपत्र आब्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/११/११**

श्री डिभिजन वन कार्यालय, कपिलवस्तु ( गौतमबुद्ध ) को च.नं. २२९७ मिति २०८२/११/०१ गतेको काठ दाउरा संकलन सहमती पत्र बमोजिम यस कपिलवस्तु साझेदारी वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा यस साझेदारी वन क्षेत्रमा तपसिलको सव कम्पार्टमेन्टमा छपान भएका पुनरुत्पादन कटान र सम्पुर्ण वन क्षेत्रका ढलापडा रुखहरुको काठ र दाउरा कटान मुछान गरी घाटगद्दीमा संकलन गर्ने कार्य गर्नु पर्ने भएकोले वोलपत्रद्धारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न ईच्छुक काठ/दाउरा संकलन तथा बिक्रि वितरण गर्ने प्रयोजनका लागि दर्ता भएका संघ, संस्था फर्मले देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी वोलपत्र पेश गर्नु हुन ( संक्षिप्त सूचना मिति २०८२/११/११ गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ) पहिलो पटक यो सूचना प्रकाशित गरिएको छ ।

१) काठ दाउरा कटान मुछान र संकलन गर्ने कार्य आफुले कबोल गरेको दर रेटमा गर्नुपर्ने छ । कटान मुछान र संकलन गर्नु पर्ने रुख संख्या र परिमाणको मुल्यांकन यस प्रकार रहेको छ ।

| ठेक्काको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | ठेक्का नं | प्लटको नाम | कार्य विवरण | दुरी | रुख संख्या | काठ (क्यु.फि.) | दाउरा (चट्टा) | अनुमानित लागत रकम |
| १ | १-२०८२/०८३ | B2C3S3 पुनरुत्पादन कटान | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | १२७ | ४८६३.४६ | ९.६४ | ९५५५६४ |
| २ | २-२०८२/०८३ | B3C4S4 पुनरुत्पादन कटान | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | २०० | ८२७१.९ | १७.९ | १६५०६५१ |
| ३ | ३-२०८२/०८३ | B3C2S3 पुनरुत्पादन कटान | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | ५-१० कि.मि. | २२७ | ५५४५.०४ | १२.८७ | ११०७५५२ |
| ४ | ४-२०८२/०८३ | B3C3S6 पुनरुत्पादन कटान | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | १९८ | ६६७८.६ | १३.६४ | १३१५९५१ |
| ५ | ५-२०८२/०८३ | B2C2S7 पुनरुत्पादन कटान | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | २५५ | ९२०३.६ | १७.९६ | १८०३५३१ |
| ६ | ६-२०८२/०८३ | ढलापडा प्लट १ | कटान आदेश बमोजिमका पुनरुत्पादन कटान रुखहरु कटान, यार्डिङ, लोडिङ, ढुवानी ,बोक्रा निकाल्ने, अलोडिङ, पाइल/ चट्टा निर्माण | १०-१५ कि.मि. | १९४ | ७४३२.७६ | ११.१८ | १४००३७० |